रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३ रामग्राम, असोज १५ गते, २०७७ साल संख्या ९

## भाग-२

## “ रामग्राम नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७७”

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७७।०६।१५

प्रस्तावना : रामग्राम नगरपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरु लगायत यस नगरपालिकाको नियमन क्षेत्र भित्र पर्ने विभिन्न संघ/संस्थाको अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन अभिबृद्धि तथा संस्थागत विकास एवं प्रवर्द्धन तथा नतिजामुखी बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको रामग्राम नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रामग्राम नगरपालिका ,नगरकार्यपालिकाको मिति २०७७।०६।१५ गतेको बैठकले स्वीकृत गरी यो कार्यविधि बनाईएको छ

### परिच्छेद– १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम “रामग्राम नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि २०७७” रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कायविधि” भन्नाले रामग्राम नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७५ लाई सम्झनु पर्छ ।

(ख) “नगरपालिका” भन्नाले रामग्राम नगरपालिकाको कार्यालय, परासी, नवलपरासी(ब.सु.प.)लाई सम्झनुपर्छ ।

(ग) "अनुगमन" भन्नाले योजना,आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन साथै नियमन गर्नुपर्ने संघ/संस्थाका कार्यहरुका नगरकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा विषयगत शाखाका कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने र अनुगमन गर्ने कार्यलाई सम्झनु पर्छ।

(घ) "मुल्याङ्कन"भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।

(ङ) "अनुगमन तथा मूल्यांकन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिकास्तरको अनुगमन
तथा मूल्यांकन समिति र विषयगत शाखाका योजना/कार्यक्रमको अनुगमन मूल्याँकन गर्न कार्यालयको निर्णयानुसार खटाईएका कर्मचारी/पदाधिकारी समेतलाई सम्झनु पर्दछ।

(च) " प्रमुख" भन्नाले रामग्राम नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(छ) "उपप्रमुख" भन्नाले रामग्राम नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामग्राम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(झ) "वडा अध्यक्ष" भन्नाले रामग्राम नगरपालिका भित्र पर्ने वडाका वडाध्यक्षलाई सम्झनु पर्छ।

(ञ) "कार्यपालिका सदस्य " भन्नाले रामग्राम नगरपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्छ।

(ट) "विषयतग शाखा" भन्नाले रामग्राम नगरपालिकाको संगठन संरचना भित्र रहेको विभिन्न शाखा/उपशाखा, सेवा केन्द्र समेतलाई सम्झनु पर्छ।

## परिच्छेद – २

## अनुगमन तथा मूल्याङ्कन समिति

३. अनुगमन तथा मूल्याङ्कन समिति : (१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) नगरपालिकाको उप प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) नगर प्रमुखबाट तोकिएका २ जना कार्यपालिका सदस्य (कम्तिमा एक जना महिला) : सदस्य

(घ) प्रशासन,योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य-सचिव

अनुगमनका लागि समितिले बढीमा ४ जना सम्म पदाधिकारी/कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ।

तर, योजनाहरुको गुणस्तरीयता कायम गर्नका लागि नगर प्रमुख स्वयं वा निजले प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) नगरपालिका वा वडा स्तरबाट संचालित रु. ५ लाख भन्दा बढीका योजनाहरुको हकमा योजनाको सार्वजनिक लेखा परिक्षण गर्दा नगरपालिकाबाट तोकिएका प्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ र सो समयमा योजना अनुगमन समितिका कुनै १ जना प्रतिनिधि पदाधिकारीलाई समेत सहभागी गराउनु पर्नेछ ।

(३) पूर्वाधार तर्फका योजना/आयोजना बाहेकका विषयगत शाखाका कार्यक्रमहरु सम्बन्धित शाखा/उपशाखाका कार्यक्रमहरु कार्यालयको निर्णयानुसार स्वीकृत ढाँचाँमा र कार्यालयको निर्णयानुसार तोकिएका पदाधिकारी/शाखाका कर्मचारीहरुबाट अनुगमन मूल्याँकन गरिनेछ ।

४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :

(१) दफा ३ को उपदफा (१) वमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा तथा नगर कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश गर्ने ।

(ङ) नगर सभा, नगर कार्यपालिका तथा प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।

(च) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमीकमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

५.आयोजनाको प्रभाव मूल्याङ्न: (१) रु.पाँच करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्न गराउनु पर्नेछ ।

## परिच्छेद–३

## अनुगमन तथा मुल्याङ्कन सुविधा

६.अनुगमन तथा मुल्याङ्कन सुविधा : (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी एवं आमन्त्रित पदाधिकारी एवं कर्मचारी तथा विषयगत शाखाबाट हुने अनुगमनमा खटिने पदाधिकारी/कर्मचारीहरुले देहाय अनुसारको सुविधा प्राप्त गर्नेछन् । फिल्डस्तरमा भौतिक पूर्वाधार तर्फका योजना अनुगमन गर्दा ५(पाँच) लाख रुपैयाँ भन्दा माथिका योजनाहरुको मात्र प्रति योजना अनुगमन सुविधा प्रति व्यक्ति रु.१,०००। अनुगमन प्रतिवेदन पेश गरेपछि उपलब्ध गराईनेछ ।

२) विषयगत शाखाबाट  संचालन हुने कार्यक्रमहरु तथा शाखा सँग सम्बन्धीत विषयमा हुने अनुगमन मूल्याँकन, प्राविधिक सहायता प्रदान जस्ता कार्य विषयगत शाखाका कर्मचारीबाट भएकोमा प्राप्त प्रतिवेदनका आधारमा दैनिक अनुगमन सुविधा प्रति दिन प्रति व्यक्ति रु.१,०००।(अक्षरुपी एक हजार रुपैयाँ मात्र) उपलब्ध गराईनेछ ।

परिच्छेद – ४

अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

७.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :दफा ३ को उपदफा (१) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि–१ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गरेपछि मात्र योजना/कार्यक्रमको भुक्तानी उपलब्ध गराईनेछ ।

८. प्रतिवेदन पेश गर्ने अवधि :(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसुचि १ बमोजिमको प्रतिवेदनलाई एकिकृत गरी बार्षिक रुपमा नगर कार्यपालिका मार्फत नगर सभामा पेश गर्नु पर्नेछ ।

परिच्छेद – ५

विविध

९.बाधा अड्काउ फुकाउ तथा संशोधन : (१) यो कार्यविधि कार्यान्वयनको सर्न्दभमा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

(३) यो कार्यविधि लागु हुनुभन्दा अगावै रहेको अनुगमन समितिले गरेको अनुगमन कार्यलाई पनि यसै कार्यविधि बमोजिम गरेको मानिने छ र सो समितिलाई उक्त कार्य बापत दिईएको सुविधालाई समेत यसै कार्यविधि बमोजिम दिईएको मानिनेछ ।

अनुसूची १
परिच्छेद ४ को दफा ७ सँग सम्बन्धित
रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी(ब.सु.प.)

## अनुगमन तथा मूल्याँकन सम्बन्धि प्रतिवेदन

श्री रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी,नवलपरासी(ब.सु.प.)

रामग्राम नगरपालिकाको नगर सभाले आ.ब. ................मा संचालनका लागि पारित गरेका तपसिल बमोजिमको योजना/कार्यक्रम संचालन पश्चात नगर स्तरीय अनुगमन तथा मूल्याँकन समितिले योजना/कार्यक्रमको अनुगमन गरी पेश गरेको अनुगमन मूल्याँकन प्रतिवेदन ।

१.योजना/कार्यक्रमको नाम :-

२. उपभोक्ता समितिको नाम/ठेकेदार फर्म वा व्यक्तिको नाम :

३.योजना/कार्यक्रम संचालन स्थान :-

४.विनियोजित रकम :- जन सहभागिता : कुल लागत :

५.सम्झौता मिति :- सम्पन्न गर्नुपर्ने मिति : सम्पन्न मिति :

६. अनुगमनका क्रममा देखिएका कुराहरु :

| क.सं. | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | स्वीकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २. | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३. | सार्वजनिक परीक्षण(उपस्थित संख्या समेत) | | | |
| ४. | आयोजना सूचना पाटी(सबैले देख्ने ठाउँमा) | | | |

७.आयोजना संचालनमा देखिएका समस्याहरु :

८.अनुगमन समितिको सुझावहरु :

उपभोक्ता समितिका अध्यक्ष/पदाधिकारी/ठेकेदार प्रतिनिधिको नाम :..............................

दस्तखत :..........................

९. अनुगमन/मूल्याँकन समितिको निष्कर्ष : भूक्तानी दिन मिल्ने/नमिल्ने ...............................

१०. अनुगमनमा संलग्न पदाधिकारी/कर्मचारीहरु

| क्र.सं. | नामथर | पद | समितिको पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | संयोजक | | |
| २. | | | सदस्य | | |
| ३. | | | सदस्य | | |
| ४. | | | सदस्य | | |
| ५. | | | सदस्य | | |

प्रमाणीकरण मितिः २०७७/०६/१५

आज्ञाले
राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत